# म्याङलुङ बहुमुखी क्याम्पस
# तेह्रथुम
# वार्षिक प्रतिवेदन,
# २०७८

म्याङलुङ -१०, तम्फुला
तेह्रथुम

**म्याङलुङ वहुमुखी क्याम्पस, तेह्रथुम**
**२०३८**
**<u>वार्षिक प्रतिवेदन २०७८</u>**

यस म्याङलुङ वहुमुखी क्याम्पस तेह्रथुमको २०७६ सालको ३८ औ.र २०७७ सालको ३९ औ. वार्षिकोत्सव कोरना भाईरस कोभिड-१९ सङक्रमणका कारण आयोजना गर्न सकेनौ र आज हामी क्याम्पसको ४० औं.वार्षिकोत्सव आयोजना गरि समापन समारोहमा उपस्थित भएका छौ । हाम्रो क्याम्पसको यस ४० औ वार्षिकोत्सव समापन कार्यक्रमका श्रद्वेय अध्यक्ष एवम क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष श्री गोविन्दप्रसाद ढुङगाना ज्यू, प्रमुख अतिथी ज्यू,विशेष अतिथीज्यहरु,अतिथी ज्यूहरु, क्याम्पस व्यवस्थापन समितिका सदस्यज्यूहरु,क्याम्पस व्यवस्थापन परिषद सभाका सम्पूर्ण सदस्य ज्यूहरु,आमन्त्रित सदस्य ज्यूहरु विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु,प्राध्यापक,कर्मचारी वर्ग लगायत कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभाव तथा विद्यार्थी भाई वहिनीहरुमा अभिवादन व्यक्त गर्दछु ।

"समृद्धिका लागि जनसहभागितामा गुणस्तरीय उच्च शिक्षाको लक्ष" लिएर म्याङलुङ वहुमुखी क्याम्पस तेह्रथुमको स्थापना २०३८ सालमा भएको हो । त्रिभुवन विश्वविद्यालयवाट सम्वन्धन लिएर आरम्भ गरिएको यस क्याम्पसमा २०४८ सम्म मानविकी संकाय अन्तरगत प्रवीणता प्रमाण पत्र आई.ए.तह को मात्र कक्षा सञ्चालन भएको हो । शुरुमा श्री सिंहवाहिनी माध्यमिक विद्यालयको भवनमा आरम्भ भएको थियो । २०४३ सालमा क्याम्पसकै नाममा जग्गा खरिद भई २ वटा भवन,प्रशासनिक भवन र कक्षा सञ्चालन गर्ने भवन निर्माण गरि छुट्टै संरचनामा सञ्चालन भएको हो । वर्तमान अवस्था सम्म आईपुग्दा क्याम्पसले धेरै उत्तरचढाव आरोह अवरोह व्यहोर्दे विविध पक्षमा विकास गर्दै उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्दे अगाडी वढ्दै आईरहेको सर्वविदितै छ ।

**<u>क्याम्पसको वर्तमान शैक्षिक अवस्था :-</u>**

(१) मानविकी संकाय अन्तरगत प्रवीणता प्रमाण पत्र आई.ए.२०३८ सालवाट ।
(२) मानविकी संकाय अन्तरगत स्नातक तह वि.ए. २०४८ सालवाट ।
(३) १० जोड २ मानविकी र शिक्षा २०५२ सालवाट ।
(४) १० जोड २ व्यवस्थापन २०५६ सालवाट ।
(५) शिक्षा शास्त्र संकाय अन्तरगत ३ वर्षे स्नातक तह वि.एड.२०५७ सालवाट ।
(६) व्यवस्थापन संकाय अन्तरगत ३ वर्षे स्ननातक तह वि.वि.एस.२०६४ सालवाट ।
(७) मानविकी संकाय अन्तरगत स्नातकोत्तर तह एम.ए. नेपाली विषयमा २०६६ सालवाट ।
(८) शिक्षा शास्त्र संकाय अन्तरगत स्नतकोत्तर तह एम.एड.ई.पि.एम. विषयमा २०६७ सालवाट । र

त्रि.वि.को निर्णय अनुसार २०७० देखि व्यवस्थापन संकाय अन्तरगत ४ वर्षे स्नातक तह वि.वि.एस.र २०७२ देखि शिक्षा शास्त्र संकाय अन्तरगत ४ वर्षे स्नातक तह वि.एड. हुदै चालु वर्ष देखि मानविकी संकाय तर्फ ४ वर्षे स्नातक तहको अध्ययन अध्यापन शुरु भई सकेकोछ ।

उल्लेखित कार्यक्रमहरुले के दर्शाउछ भने,हाल मानविकी,शिक्षा र व्यवस्थापन संकायमा १० जोड २ को कार्यक्रम र यिनै ३ वटा संकायमा स्नातक तहको कार्यक्रम सञ्चालित छ भने स्नातकोत्तर तहमा मानविकी संकाय तर्फ नेपाली विषय र शिक्षा शास्त्र संकायमा ई.पि.एम. विषय सञ्चालित थिए भने स्नातकोत्तर तहको कक्षा सेमेस्टर प्रणाली शुरु भए यता विगत २ वर्ष देखि कार्यक्रम सञ्चालन नभएको र आगामी वर्ष देखि सञ्चालनको लागि त्रि.वि.संग परामर्श अगाडी वढाईएकोछ ।

क्याम्पसलाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्नका हाल सम्म १९५ जना आजीवन सदस्य क्याम्पस व्यवस्थापन परिषद सभा सदस्य रहनु भएको क्याम्पस व्यवस्थापन परिषद सभा रहेको छ । सोहि क्याम्पस व्यवस्थापन परिषद सभासदस्यहरुको मिति २०७८ पुस १७ गते सम्पन्न आठौ क्याम्पस व्यवस्थापन परिषद सभाको तेश्रो पटकको सभावाट निम्नानुसार १५ सदसीय म्याङलुङ क्याम्पस व्यवस्थापन समिति गठन भई सकृय रुपमाअगाडी बढेको व्यहोरा जनकारीका लागि अवगत गराईन्छ ।

अध्यक्ष - श्री गोविन्दप्रसाद ढुङगाना
सदस्य - श्री किशोरचन्द्र दुलाल पूर्व ब्य..स.अध्यक्ष
सदस्य - श्री (त्रि.वि.प्रतिनिधी वाकी)
सदस्य - श्री छत्रप्रसाद रिमाल

सदस्य - श्री तेजमान कन्दङवा
सदस्य - श्री कृष्णवहादुर चोम्वाङ
सदस्य - श्री प्रमुख, म्याङलुङ नगरपालिका
सदस्य - श्री होम वहादुर खापुङ्ग बडा अध्यक्ष, म्याङलुङ नगरपालिका वार्ड नं.१०
सदस्य - श्री ईन्द्रराज तुम्बाहाङफे बडा अध्यक्ष, म्याङलुङ नगरपालिका वार्ड नं.१
सदस्य - श्री शम्भु तुम्बाहाङफे बडा अध्यक्ष, म्याङलुङ नगरपालिका वार्ड नं.२

क्रमशः



सदस्य - श्री पदमप्रसाद ढुङगाना बडा अध्यक्ष, म्याङलुङ नगरपालिका वार्ड नं.३
सदस्य - श्री महिला सदस्य मनोनित (वाँकी)
सदस्य - श्री महिला सदस्य मनोनित (वाँकी)
सदस्य - श्री खेमराज निरौला (प्राध्यापक प्रतिनिधी)
सदस्य,सचिव - क्याम्पस प्रमुख श्री दधिराम न्यौपाने

**आमन्त्रित सदस्य ज्यूहरु**

**जिल्लाका माननीय सांसद,सभासद ज्यूहरु**
प्रमुख जिल्ला अधिकारी,तेह्रथुम
प्रमुख,जिल्ला समन्वय समिति,तेह्रथुम
जिल्ला स्थित राजनैतिक दल प्रमुख
म्याङलुङ न.पा. वार्ड नं.४,५,६,७,८ र ९ का वडा अध्यक्ष ज्यूहरु
सहायक क्याम्पस प्रमुखहरु

**क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रम र विषयहरु (Academic Programmes)**

**M.A**.- Nepali.हाल स्थगित)
**M.Ed**.- E.P.M।(हाल स्थगित)
**B.A**.- English, Economics, Nepali, Political Science.
**B.Ed**.- English,Economics,Nepali, Pop.Education,Health Education.
**B.B.S**.- English, Account,Economics,Finance,P.M.,Statistics,Marketing,Tax.& Aud.Finance.लगायतका मुख्य विषयहरु ।

**+2 Programmes -**

**Hunanities**- English,Nepali,Political Science,Economics.
**Education**- English,Nepali,Economics,Health,Pop.Edu.
**Management**-English,Nepali,Economics,BusinesStudies,Marketing,Accountancy.
लगायतका विषयहरु अध्ययन अध्यापन भईरहेका छन् ।

उल्लेखित विषयहरुको व्यवस्थित अध्यापन गराउन र प्रशासनिक कार्य सम्पन्न गर्न हाल क्याम्पस प्रमुख १,सहायक क्याम्पस प्रमुख २,+२ कार्यक्रम संयोजक १ सहित २४ जना शैक्षिक तथा प्रशासनिक जनशक्तिहरु कार्यरत रहेको र १ उप प्राध्यापक सहायक क्याम्पस प्रमुख र १ शिक्षक सहित २ जनाले हालै राजीनामा दिएर क्याम्पसवाट विदा हुनुभएकोले वहाँहरुको कक्षा हाललाई अतिरिक्त ब्यवस्थापन गरिएकोमा निकट दिनमानै १ नेपाली विषय र १ ब्यवस्थापन विषयको पूर्णकालिन विषयगत शिक्षक आवश्यक रहेकोले पदपूर्ति गर्नु पर्ने व्यहोरा अनुरोध गर्दछु ।

हाल क्याम्पसमा कार्यरत शैक्षिक तथा प्रशासनिक जनशक्ति :-

| सि.न. | पद | नाम,,थर | योग्यता र विषय |
|---|---|---|---|
| १ | क्या.प्रमुख | श्री दधिराम न्यौपाने | एम.ए.नेपाली |
| २ | सहा.क्या.प्र | श्री शुभाष निरौला | एम.एड.ई.पि.एम. |
| ३ | सहा.क्या.प्र | श्री प्रकाशकु.ढुङगाना | एम.ए. अर्थशास्त्र |
| ४ | उप प्रशासक | श्री ललित श्रेष्ठ | एम.ए.नेपाली |
| ५ | उप प्रा | श्री खेमराज निरौला | एम.ए.अंग्रेजी |
| ६ | उप प्रा | श्री दिनेश प्र.सुवेदी | एम.एड.अंग्रेजी |
| ७ | उप.प्रा | श्री हरिनारायण खनाल | एम.ए.नेपाली |
| ८ | उप प्रा. | श्री चन्द्रमणी वराल | एम.एड.स्वास्थ्य |
| ९ | शि.सहायक | श्री शिवप्रसाद दाहाल | एम.वि.एस.ब्यवस्थापन |
| १० | शि.सहायक | श्री सञ्जय सुव्वा | एम.वि.एस.ब्यवस्थापन |
| ११ | शि.सहायक | श्री उद्धव कु.लामिछाने | एम.ए.जनसंख्या |
| १२ | शि.सहायक | श्री प्रेमप्रसाद भट्टराई | एम.ए. अर्थशास्त्र |

| | | | |
|---|---|---|---|
| १३ | शि.सहायक | श्री प्रकाश तिम्सिना | एम.एड.अंग्रेजी |
| १४ | शि.सहायक | श्री नगेन्द्र प्र.रिमाल | एम.एड.अंग्रेजी |
| १५ | शि.सहायक | श्री दिपक कट्टेल | एम.एड.नेपाली |
| १६ | शि.सहायक | श्री टंकमाया लिम्बू | एम.एड.स्वास्थ्य |
| १७ | शि.सहायक | श्री ढुण्डीराज ढुङगाना(३) | एम.वि.एस.व्यवस्थापन |
| १८ | शि.सहायक | श्री पुष्पराज पुरी | एम.वि.एस.व्यवस्थापन |
| १९ | सहायक प्रथम | श्री खड्कवहादुर श्रेष्ठ | एस.एल.सी. (परीक्षा,प्रशासन) |



| | | | |
|---|---|---|---|
| २० | सहायक.प्रथम | श्री हिमाल अधिकारी | (लेखा,प्रशासन) |
| २१ | सहायक द्वितीय | श्री अमिता श्रेष्ठ | (पुस्तकालय) |
| २२ | सहायक तृतीय | श्री सुश्मा लिम्बु | (परीक्षा,रजिष्ट्रेशन) |
| २३ | कार्यालय सहायक | श्री ईन्द्रवहादुर खड्का | |
| २४ | स्वीपर | श्री दिपेन्द्र मल्लिक | |

म्याङलुङ वहुमुखी क्याम्पस तेह्रथुमको शैक्षिक उन्नयन तथा व्यवस्थापनका लागि क्याम्पस ब्यवस्थापन परिषदसभा,र क्याम्पस ब्यवस्थपन समिति वाहेक क्याम्पस एल्मुनाई समिति लगायत संकाय,विषयगत विभाग उप समिति तथा सेलहरु गठनगरि सम्पूर्ण समितिहरु क्रियाशिल भईरहेका र केहि समितिहरु पूनर्गगनको चरणमा छन भने क्याम्पस विश्वविद्यालय अनुदान आयोग अन्तरगत QAA Prosses अन्तरगत SSR Revised को चरणमा रहेकोछ ।

विद्यार्थीहरुलाई पठनपाठनमा थप सहयोग पुगोस भन्ने उद्वेश्यले तथा समसामयिक विषयमा जानकार वनाउने उद्वश्यले वर्षमा न्यूनतम ३ पटक विद्यार्थीवीच अन्तरकृया,छलफल,वैठक लाई निरन्तरता दिएकोछ भने विभिन्न पत्रपत्रिकाहरु- गोरखापत्र,कान्तिपुर,अन्नपूर्ण,काठमाडौ पोष्ट,जनविश्वास,नवविहानी,तेह्रथुमे,तीनजुरे टायम्स लगायतका पत्रपत्रिकाहरु र अन्य पुस्तकहरु अध्ययन गर्ने वातावरण मिलाईएकोछ । विद्यार्थी र शिक्षकहरुको लागि Reading Room को व्यवस्था मिलाईएको छ । विद्यार्थीहरुलाई नियमित अध्ययनमा आश्यक पर्ने दुईवटा Text Book र एउटा Refrence Book अध्ययनको लागि उपलव्ध गराईदै आएकोछ भने यसलाई वृद्घि गर्दै विद्यार्थीहरुलाई थप सुविधा उपलव्ध गराईने योजना रहेकोछ भने निकट भविश्यमा खुल्ला पुस्तकालयको अवधारणामा अघि वढीएकोछ ।

विद्यार्थीहरुलाई समसामुयिक विषयमा ज्ञान दिने उद्वेश्यले वेला वेलामा विभिन्न संघ,संस्था,वित्तिय संस्था,वैकहरु,अस्पताल,प्रहरी लगायतवाट जानकारी मूलक कार्यक्रम सञ्चालन गराई विद्यार्थीहरुलाई प्रत्यक्ष लाभ पुग्ने कार्य सञ्चालन गरि रहेकोछ भने, विद्यार्थीहरुलाई अभ्यास शिक्षणका लागि विद्यालयहरुमा र व्यवस्थापनका विद्यार्थीहरुलाई विभिन्न वैकहरुमा एन्टरसिपका लागि पठाइने गरिएको छ,त्यसै गरि प्रत्येक वर्ष विद्यार्थीहरुलाई शैक्षिक भ्रमण वनभोज कार्यक्रम आयोजना गरि अधिकतम विद्यार्थीहरुलाई सहभागी गराईदै आईएकोमा कोरना भाईरस COVID 19 को कारण गत २०७६ चैत्र देखि २०७७ मंसिर पहिलो हप्ता सम्म स्थगित भए भने २०७७ मंसिर दोश्रो हप्ता देखि क्याम्पसका सवै कार्यक्रमहरु निरन्तर सञ्चालित भए सो कोभिड सङक्रमण अवधिमा भौतिक उपस्थितीमा सञ्चालन नभएका कक्षालाई Online माध्यमवाट ब्यवस्थित वनाईयो,भने यो वर्ष २०७८ को वैशाख तेश्रो हप्ता देखि भदौ तेश्रो हप्ता सम्म नेपाल सरकारको निर्णय वमोजम क्याम्पसको दैनिक कार्य भौतिक रुपमा पठन पाठन हुन नसके पनि Online माध्यमवाट कक्षालाई ब्यवस्थित वनाईयो भने २०७८ को भाद्र अन्तिम हप्ता देखि स्थानीय म्याङलुङ नगरपालिकाको स्वीकतीवाट क्याम्पसको अध्ययन अध्यापन भौतिक रुपमा सञ्चालन गरिएकोमा सरकारको निर्णय वमोजिम २०७८ पुस तेश्रो हप्ता देखी माघको तेश्रो हप्ता सम्म भौतिक रुपमा अध्ययन अध्यापन वन्द भएकोले Online माध्यमवाट कक्षा सञ्चालन गरियो भने प्रशासनिक कार्य भौतिक उपस्थितीमा सञ्चालित भयो, भने फागुनको पहिलो हप्ता देखि भौतिक उपस्थितीमा नियमित सञ्चालन भएको ब्यहोरा अनुरोध गर्दछु ।

क्याम्पसमा विभिन्न महानुभावहरुवाट स्थापना गरिएका छात्रवृत्ति कोष मार्फत छात्रवृत्ति पुरस्कारहरु प्रदान गर्ने गरिएको छ । जसमा विष्णु दमयन्ती छात्रवृत्ति ट्रष्ट २०६६, श्री लोकलक्ष्मी स्मृती छात्रवृत्ति कोष २०६९, स्व.भूमीलक्ष्मी पालिखे स्मृती छात्रवृत्ति कोष २०७१, स्व.रेणुकादेवि न्यौपाने,निरौला स्मृती छात्रवृत्ति कोष २०७१, स्व.वृशस्पति,धनमाया ढुङगाना अक्षयकोष २०७२, जयनारायण ढुङगाना,ईन्दिरा ढुङगाना अक्षयकोष छात्रवृत्ति कोष २०७२ र प्रेमचन्द्र तिम्सिना छात्रबृत्ति कोष २०७७ स्थापना भएकोछ । उक्त छात्रवृत्ति कोष मार्फत प्राप्त हुने रकमवाट क्याम्पसको वार्षिकोत्सवको अवसरमा सम्वन्धित कोषका महानुभावहरुको उपस्थितीमा छात्रछात्राहरुलाई प्रदान गरिने व्यवस्था मिलाई छात्र छात्राहरुलाई अध्ययनमा सहजता वनाईएकोछ ।

क्याम्पसमा अध्ययनरत अपाङ्ग दलित जनजाति जेहेन्दार गरीव छात्र,छात्राहरुलाई निःशुल्क तथा अर्धःशुल्कमा अध्ययन गर्ने र छात्रवृत्ति दिने व्यवस्थालाई निरन्तरता दिईरहेकोछ । भने गत वर्ष देखि यस क्याम्पसमा म्याङलुङ नगरपालिका उप मेयर श्री पार्वतीसानु डागी ज्यू मार्फत छोरी बुहारी उच्च शिक्षा अध्यानार्थ उपमेयर छात्रबृत्ति कार्यक्रम लागु भएकोछ सो छात्रबृत्ति कार्यक्रम अनुसार गत वर्ष १० जना विद्यार्थीहरुलाई उपलब्ध गराईएको र चालु वर्ष कार्यक्रम संझौता भई विद्यार्थी छनौटको प्रकृया अगाडी वढाई सकिएकोछ । विश्वविद्यालय अनुदान आयोग मार्फत

यस क्याम्पसलाई QAA(Quality Assurance & Accreditation for Education in Nepal (उच्च शिक्षा गुणस्तर विश्वसनीयता तथा प्रत्ययन) कार्यक्रममा सहभागिता गराउने प्रयास भैरहेको छ। जस अनुसार विश्वविद्यालय अनुदान आयोगवाट LOI (एल ओ आई) स्वीकृतभई SSR रिपोट बुझाउने काम भएको थियो । त्यसमा भएका आयोगवाट प्राप्त सुझाव र कमेन्ट समेटेर Revise SSR लेखनको कार्यलाई निरन्तरता दिएकोछ,भने विश्वविद्यालय अनुदान आयोगवाट QAA को प्रमाणिकरण गर्न क्याम्पस कटिवद्ध रही कार्य सम्पन्न गर्दै अगाडी वढीरहेको र केहि समयमानै सो सम्वन्धि अध्ययनको लागि पुन क्याम्पसको तर्फवाट अनुरोध गर्ने कार्य हुनेछ ।

त्यसै गरि विश्वविद्यालय अनुदान आयोगवाट उच्च शिक्षा सुधार परियोजना (Higher Education Reform Project 2016-2020 मा यो क्याम्पस छनौट भई उक्त कार्यक्रम अन्तरगत Resourse Mobolization Program अन्तरगत सन २०१६-२०२० को कार्यक्रम सफलता पूर्वक सम्पन्न भईकेको छन भने उक्त कार्यक्रमवाट प्रशासनिक भवन निर्माण,सेमिनार हल निर्माण,युरिनल निर्माण,अपग्रेडिङ रेस्टरुमको कार्य, वोटानिकल गार्डेन निर्माण र शुद्ध खानेपानीको व्यवसपनको कार्य सम्पन्न गरि विश्वविद्यालय अनुदान आयोग वाट प्रशासनिक भवन निर्माणको रकम वाहेक अन्य कार्यको गत वर्ष नै निकाशा भई फरपराक भएकोछ ।

क्याम्पसको लागि गत आ.व.मा विश्वविद्यालय अनुदान आयोगवाट प्राप्त हुने नियमित तथा अन्य अनुदान,स्थानीय म्याङलुङ नगरपालिका लगायत अन्य पालिका वाट प्राप्त हुने अनुदान तथा अन्य सहयोग सहित म्याङलुङ नगरपालिका वार्ड नं.१० वाट १०० वटा प्लास्टिकका कुर्ची, म्याङलुङ नगरपालिका वार्ड नं.१ वाट १ थान डेक्सटप कम्प्युटर उपलब्ध भएका छन,भने चालु वर्षमा म्याङलुङ नगरपालिका आर्थिक सहयोगमा अनेरास्ववियु क्याम्पस एकाईवाट पुस्तक तथा खेल सामाग्री प्राप्त भईसकेको छ भने आठराई गाउपालिकावाट रु.२ लाख वरावरको फर्निचर र छथर गाउपालिकावाट एउटा डेक्सटप कम्प्युटर र एउटा पिन्टर उपलब्ध हुनेछ । म्याङलुङ नगरपालिकावाट नियमित अनुदानको लागि विनीयोजीत रकम प्राप्त भएको छैन भने माक्स,सेनिटाईजर र छात्रा विद्यार्थीको लागि सेनेटरी प्याड उपलब्ध भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

क्याम्पसमा हाल निम्नानुसार विद्यार्थीहरु अध्ययनरत रहेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

क्रमशः

(७)

| कक्षा | छात्र | छात्रा | जम्मा | कुल |
|---|---|---|---|---|
| ११ | २६ | २५ | ५१ | |
| १२ | २३ | २९ | ५२ | १०३ |
| वि.ए.प्रथम | - | - | - | |
| वि.ए.दोश्रो | १० | ४ | १४ | |
| वि.ए.दोश्रो | १ | १ | २ | |
| वि.ए. तेंश्रो | ३ | ४ | ७ | २३ |
| वि.एड.प्रथम | १९ | ५१ | ७० | |
| वि.एड.दोश्रो | ३० | १०२ | १३२ | |
| वि.एड.दोश्रो | २२ | ५९ | ८१ | |
| वि.एड.तेश्रो | ७ | २७ | ३४ | |
| वि.एड.चौथो | - | - | - | ३१७ |
| वि.वि.एस.प्रथम | २५ | २५ | ५० | |
| वि.वि.एस.दोश्रो | २१ | ३६ | ५७ | |
| वि.वि.एस.दोश्रो | १८ | २० | ३८ | |
| वि.वि.एस.तेश्रो | ८ | २४ | ३२ | १७७ |
| वि.वि.एस.चौथो | | | | |
| जम्मा | २१३ | ४०७ | | ६२० |

क्याम्पसवाट हाल सम्म प्रविणता प्रमाण पत्र तह आई.एर +२ समेत १३६१ जना र २०७७ को चौथो र तेश्रो वर्षको नतीजा सम्म मानविकी स्नातक वि.ए.१५५, शिक्षा स्नातक वि.एड.४४३,व्यवस्थापन स्नातक वि.वि.एस.८९,मानविकी स्नातकोत्तर एम.ए.३३ र शिक्षा स्नातकोत्तर एम.एड.२८ जना विद्यार्थीले उर्त्तिण गरि उच्च शिक्षाको प्रमाण पत्र प्राप्त गरिसकेका छन भने २०७७ को स्नातक दोश्रो र प्रथम वर्षको त्रि.वि.वाट नतीजा प्रकासन हुन वाकी रहेको छ । प्रकासित नतीजा अनुसार नियमित तर्फ वि.ए.तेश्रो वर्षमा ९ जना मा ८ जना, वि.एड.चौथोमा ३२ जनामा ९,तेश्रोमा ३९ मा १३, वि.वि.एस.चौथोमा २१ मा १५,तेश्रोमा २३ मा ६ जना विद्यार्थीहरु उर्त्तिण भएको व्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

यसै गरि यस क्याम्पसको गत आ.व.२०७७/०७८ को लेखा श्रेष्ता रजिष्टर लेखा परिक्षकवाट परिक्षण सम्पन्न गराई रु.१६३,९४,३९७६९को आय,व्यय विवरण र रु.५७,०७,३८९। चालु आ.व.मा दायित्व (गत आ.व.को भुक्तानी

बाकी) सहित र चालु आ.व.२०७८/०७९ को लागि रु.२,१५,७८,६१६।९२ को अनुमानित आय व्यय विवरणलाई क्याम्पस व्यवस्थापन समितिको मिति २०७८ मंसिर २३ गते वसेको वैठकवाट अनुमोदन तथा स्वीकृत प्रदान भएको व्यहोरा अनुरोध गर्दछु । गत आ.व.२०७७/०७८ को २०७७ श्रावण २०७८ असार सम्मको दायित्व रु. ५७,०७,३८९।मा लेखा परीक्षण शुल्क रु.२२६००।,पुस्तकालय कोषको रु.७००,०००।,जनशक्ति प्रो.कोषको रु.५००,०००।,श्री चन्द्रप्रसाद जोशी सापटी रु.५००,०००।,गेटवे टेक्नोलोजीको रु.६०,०००।,प्राध्यापक कर्मचरीको २०७७ पुस २०७८ असार तलवरु.३८,०५,२०९।,शरदमणी दाहालको रु.५९५८०। र छविलाल लिम्बुको रु.६०,०००। रहेकोमा क्याम्पसले हाल सम्म अन्य सञ्चालन खर्च वाहेक लेखा परीक्षण शुल्क रु.२२६००।, गेटवे टेक्नोलोजीको रु.६०,०००।,र प्राध्यापक कर्मचारीको तलवमा रु.३३,८५,१०४। भुक्तानी गरेको छ भने क्याम्पसवाट विदा भएर जानु हुने सहायक क्याम्पस प्रमुख श्री यजुर्वेदानन्द प्रसाद भट्टराईलाई २०७८ श्रावण देखि २०७८ फागुन सम्मको तलव वाकी राखेर सञ्चित विदाको रु.१५५,८५४। र उपदान रु.१८५,०३३। भुक्तानी गरिएको व्यहोरा अनुरोध गर्दछु ।

क्याम्पसको नाममा हाल सम्म क्याम्पस रहेको स्थान सहित ३० रोपनी जग्गा रहेको व्यहोरा अनुरोध छ ।

क्याम्पसको समग्र विकास र अग्रगतिको लागि १० वर्षे शैक्षिक,भौतिक,आर्थिक तथा सास्कृतिक योजना निर्माणको खाका समावेश गरि गुरु योजना Master Plan तयार गरि अगाडी वढ्ने प्रकृयामा रहकोछ । "।

**सामाजिक पक्ष :-**

अधिकांश सामुदायिक क्याम्पसहरुमा समुदायका विपन्न वर्गको सहभागीता हुने गर्दछ । यस क्याम्पसमा पनि अधिकांश विद्यार्थीहरु विपन्न वर्गवाट आई अध्ययन गरिरहेका छन । यहाँको समाज वहुजाती,वहुभाषी रहेको छ । छात्र भन्दा छात्राको संख्या वढी रहेको अवस्थाछ ।

सवै क्षेत्रवाट सहयोग पाएर नै यो क्याम्पस यस अवस्थासम्म आईपुगेको छ । शिक्षा प्रतिको असीम लगाव र अभिलाषा यहाँका जनसमुदायमा पाईन्छ । यहाँका राजनैतिक पार्टी,स्थानीय निकाय, सामाजिक संघ संस्था तथा सरकारी कार्यालयहरुले सदैव सहयोग गर्दै आएका छन । सामाजिक शैक्षिक व्यत्तित्व, संघ,संस्था तथा कार्यालयहरुमा- जि.स.स. तेह्रथुम ,म्याङलुङ नगरपालिकाको कार्यालय,गाउ पालिकाहरु,नगर तथा गाउ पालिकाका वडाहरुको महत्वपूर्ण

क्रमशः



सहयोग रहि आएकोछ । क्याम्पस ब्यवस्थापन समितिमा समाजका सवै पक्षलाई समावेश गरि गठनको प्रकृया क्याम्पस विधानमा ब्यवस्था गरिएको छ ।

क्याम्पसमा विद्यार्थी र अभिभावकहरुको सम्पर्क फोन राखिने र विद्यार्थीका गतिविधीहरु लिएर अभिभावक संग परामर्श गर्ने गरिएको छ ।

प्रत्येक वर्ष क्याम्पसको वार्षिकोत्सव सम्पन्न गरिदै आएकामा गत २ वर्ष कोभिड १९ का कारण आयोजना गर्न सकिएन । यस अवसरमा क्याम्पसका गतिविधी वारे सम्पूर्णमा जानकारी गराइने गरिएको छ ।

**सवल पक्ष :-**

(१) समुदायको प्रत्यक्ष सहभागिताका भएको हुनाले क्याम्पस लक्ष्य उन्मूख हुनु ।

(२)उच्च शिक्षा सर्वसाधारण व्यक्तिको पहुचमा हुनु ।

(३) महिलाहरुको सहभागिता तथा उच्च शिक्षामा पहुचमा वृद्वि हुनु ।

(४) QAA कार्यक्रममा सहभागी हुने अवसरलाई निरन्तरता दिने प्रयास गर्नु ।

(५) समुदायका सवै पक्षद्वारा क्याम्पस सञ्चालन र व्यवस्थापनमा सरोकार र चासो राखिनु ।

(६) आर्थिक पक्ष दीगो र समृद्वी वनाउन वर्तमान क्याम्पस ब्यवस्थापन समितिको सकृय हुनु ।

(७) क्याम्पस प्रविधी मैत्री वन्दै जानु ।

**दुर्वल पक्ष :-**

(१) विगतमा दगिो आर्थिक पक्ष सवल वनाउन प्रयास भए पनि पूर्णरुपमा सफल नहुनु ।

(२) आर्थिकका कारण कार्यरत जनशक्तिले ढुक्क भएर लगनशिलताकासाथ कार्यमा लाग्ने वातावरणको कमि हुनु ।

(३) आर्थिक सुनिश्चितताको प्रत्याभूतीको कठिनाई हुनु ।

(४) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्न आर्थिक चुनौती हुनु ।

(५) पूर्ण कालिन जनशक्ति व्यवस्थापनमा कठिनाई हुनु ।

(६) अनुसन्धान क्षेत्रमा प्राध्यापक तथा विद्यार्थीहरुलाई समावेशमा समस्या हुनु ।

(७) दीगो आर्थिक श्रोतका कमीका कारण सिमित विद्यार्थी शुल्कमा क्याम्पस सञ्चालनमा हुनु ।

**चुनौतिहरु :-**

(१) विश्वविद्यालयले क्याम्पसहरु सञ्चालन सम्बन्धनमा सञ्चालित क्याम्पसहरुको अवस्था मूल्याङकन नगरि नजीकैको स्थानमा अर्को क्याम्पस सञ्चालनको सम्वन्धन दिनाले सञ्चालित क्याम्पसहरुमा विद्यार्थी संख्या घट्दै जानु ।

(२) साधारण उच्च शिक्षामा विद्यार्थीहरुले रोजगारीको सुनिश्चितता नदेखेपछि प्राविधिक शिक्षा तथा वैदेशिक रोजगारी तर्फ आकर्षित हुनु ।

(३) आधुनिक प्रविधि र ज्ञान संग प्रत्यक्ष परिचित नहुदा प्राध्यापनमा प्राध्यापकहरुले कठिनाई महशुस गर्नु ।

(४) योजना विना नै स्थापित शैक्षिक संस्थाहरुले स्तरीय शिक्षा दिन नसक्नु ।

(५) सवै उच्च शिक्षाका शैक्षिक केन्द्रहरुमा आधारभूत शैक्षिक,भौतिक पक्षको स्थापना हुन नसक्नु ।
(६) श्रोतको अभावले अनुसन्धानमूलक क्षेत्रमा प्राध्यापकहरुलाई अवसर दिन नसक्नु ।
(७) श्रोतको अभावले पूर्णकालिन प्राध्यापक तथा कर्मचारीहरुको व्यवस्थागर्न कठिनाई हुनु ।

**समृद्धिका लागि जनसहभागितामा गुणस्तरीय शिक्षा को लक्ष्य प्राप्तिका लागि निर्धारण गरिएका उद्देश्यहरु ।**

(१) न्यूनतम शुल्कमा सर्वसुलभ ढंगवाट गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
(२) अनुसाशित,मर्यादित तालिम प्राप्त अनुसन्धानमुखी दक्ष जनशक्ति उत्पादन गर्ने ।
(३) अनुसन्धान तथा खोजमुलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने ।
(४) व्यापक रुपमा जनसहभागिता जुटाई क्याम्पसको सर्वपक्षिय विकासमा जोड दिने ।
(५) सम्वन्धन दिने विश्वविद्यालय र उच्च शिक्षाको व्यवस्थापनको लागि गठित आयोगको नीतिलाई कार्यन्वयन गर्ने आदी ।

उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्न माथी उल्लेखित शैक्षिक,भौतिक,सामाजिक तथा सास्कृतिक योजना अन्तरगत कार्यक्रम वनाई क्याम्पसलाई अगाडी वढाउने कार्य भईरहेकोछ ।

विभिन्न चुनौति तथा कठिनाई भएता पनि दुर्गम स्थानहरुमा सामुदायिक कलेजहरु स्थापना भएर सर्वसाधारणले उच्च शिक्षा हासिल गर्ने अवसरलाई महत्वपूर्ण उपलव्धि मान्नु पर्दछ । यस क्याम्पसको स्थापनाले धेरै अभिवावक तथा विद्यार्थीहरु लाभान्वीत भएका छन । यस क्याम्पसवाट उच्च शिक्षा हासिल गरेको धेरै विद्यार्थीहरु देश विदेश तथा समाजका विभिन्न सरकारी तथा गैर सहकारी क्षेत्रका जिम्मेवारी र महत्वपूर्ण ओहदामा रहि योगदान पुर्याई रहेका छन । तेह्रथुम जिल्लाको सदरमुकाम म्याङलुङमा सञ्चालित यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगवाट दोश्रो उच्च शिक्षा परियोजना कार्यक्रम प्राप्त गरे पश्चात शैक्षिक,आर्थिक,भौतिक तथा सामाजिक सम्वन्धका क्षेत्रमा फड्को मारेको छ । आगामी दिनमा प्राप्त थप कार्यक्रमहरुले क्याम्पसको समग्र पक्षको विकासमा महत्वपूर्ण मद्वत पुग्नेमा क्याम्पस विश्वस्त रहेकोछ ।

धन्यवाद ।

दधिराम न्यौपाने
क्याम्पस प्रमुख